सुनिलस्मृती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सुलिचौर, रोल्पा

लुम्विनी प्रदेश, नेपाल

## नि:शुल्क जग्गा प्रासि सम्बन्धि सार्वजनिक सूचना ।

(प्रथम पटक प्रकाशित मितिः २०८२/०३/२२)

सुनिलस्मृति गाउँपालिका वडा नं. ८ चिन्नेमा अवस्थित श्री जनता प्राथमिक विद्यालय सुनिलस्मृति ८ चिन्ने, रोल्पाको भवन निर्माणका लागि जग्गा आवश्यक भएकोले तपशिलमा उल्लेखित शर्त बमोजिम नि:शुल्क जग्गा उपलब्ध गराउन इच्छुक व्यक्ति तथा संघ संस्थाले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र कार्यालय समयमा आफुले उपलब्ध गराउन चाहेको जग्गाको जग्गाधनी पूर्जा, क्षेत्रफल, अवस्थिति र प्रकृति लगायतको विवरण सहित निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरु:**

१. नि:शुल्क रुपमा उपलब्ध गराउने जग्गाको क्षेत्रफल कम्तिमा १३० वर्गमिटर हुनुपर्ने छ ।
२. एक वा एक भन्दा बढी जग्गादाताहरुले साधैं सिमाना मिलाएर जग्गा उपलब्ध गराउन सकिने छ ।
३. कम्तिमा ६ मिटर बाटोले छोएको वा विस्तार गर्न सकिने जग्गा हुनुपर्नेछ ।
४. खोला तथा जोखिमक्षेत्र नभएको, खानेपानी एवं विद्युत सेवा विस्तार भएको वा गर्न सकिने हुनुपर्नेछ ।
५. जग्गा निम्न चारकिल्लाभित्र रहनुपर्नेछः-
   - क) पूर्वमाः- ढोङजाना टोल
   - ख) पश्चिममाः- जौसी टोल
   - ग) उत्तरः- गदिरे खोला
   - घ) दक्षिणः- मा.वि.जोड्ने मोटरवाटो
६. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः-
   - क) जग्गाधनी प्रमाणपत्रपूर्जाको प्रतिलिपि,
   - ख) नक्साको प्रतिलिपि,
   - ग) नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
   - घ) मञ्जुरीनामा (आवश्यक हुनेमा मात्र),
   - ङ) आवश्यक अन्य कागजातहरु,
७. जग्गा प्रासिको उपयुक्तताको सम्बन्धमा गाउँकार्यपालिकाको निर्णय नै अन्तिम हुनेछ ।

२०८२।०३।२२

..........................
(नगेन्द्र प्रसाद रिजाल)
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

*"जनआकांक्षा पूरा गर्ने हाम्रो संकल्पः दिगो विकास र सुशासन मात्र विकल्प"*

ईमेल: info@sunilsmritimun.gov.np, ito@sunilsmritimun.gov.np वेवसाइट:sunilsmritimun.gov.np फोन नः ०८६४०११५२,७०